# लयब्रह्म

(कवितासङ्ग्रह)

---

2060

श्यामल

## कविताक्रम

?


१/राजमार्गमा ट्रक
३/कोस्मोस कोनिया
६/दुष्टगाथा
८/माग
१०/जाडो
१२/उ कुनै नाम छान्दैंन
१३/वरिपरि
१५/इस्लामावाद
१८/भूपि शेरचन
२०/लुतो
२२/प्रश्न
२३/साथीहरु
२४/दिलमाया
२६/दुःस्वप्न
२९/देश र व्यटी पार्लरकी सुन्दरी
३१/दशनीको लेहङ्गा
३२/स्वयम् कन्तुर विद्धान् काशीनाथ
३४/भैरहवामा हिउँ
३६/काली घर्तिनीको देहावसानमा
४१/अन्तिम युद्ध
४३/सम्भ्रान्त
४५/नेपाल नाउँको देश
४७/विकास पण्डित
४९/लयब्रह्म


?

## राजमार्गमा ट्रक

इँटा बोक्छ
सिमेन्ट र फलामका छडहरु बोक्छ
ढुङ्गा, बालुवा र काठ बोक्छ
बोक्छ झ्यालका लागि सिसा
र बोक्छ उज्यालोका लागि
मैनबत्तीको बाकस पनि
ओलम्पिकको तेज धावक झैँ
राजमार्गमा दुर्गुछ ट्रक
कहाँ जान्छ ?

थाक्छ
लामो–लामो सुस्केर हालेर
विश्राम गर्छ,
सडक छेउ
थकाल्नीको पसलमा घुसेर माग्छ डिजेल
निस्पट्ट अँध्यारोमा
हेडलाइट बालेर दगुर्छ मात्तिदै
पिसाब गर्न रोकिन्छ झाडीनिर
र दुगर्छ फेरि गति बदल्दै
सयौं घुम्तीहरुको राजमार्गमा
आहोरदोहोर सधैंको
यो ट्रक कहाँ जान्छ ?

ओसारेका
थुप्रै सामानहरु जोडेर
घर बनाउँछ उ
र शीतमा निथ्रुक्क भिजेर
बिताउँछ केही छिन रात
र पुनः बेपत्ता हुन्छ बाक्लो हुस्सूमा
दुइटा आँखा बालेर,
यसरी सधैँको ओहोरदोहोर
ओहोरदोहोर हुन्छ
पेट्रोल पम्प राखेर बसेका
राजमार्ग छेउका मानिसहरु हो ।
यो ट्रक कहाँ जान्छ ?

## कोस्मोस कोनिया

गुडबाई कोनिया
फेरि भेटौँला ।
फेरि भेट हुनु अघि
ओहो, केही ठेगान छैन
के–के हुने हो
तिम्रो–मेरो फेरि भेट हुनुअघि !

सरकारले दिएको पानीले
म मर्न सक्छु
म मर्न सक्छु
बजारमा राखिएका विषाक्त
औषधीहरुले
पुस्तक पसलमा सजाइएका
कानुनका किताबहरुमा
लेखिएको छ मृत्युदण्ड !
आफ्नो कोटको खल्तीभित्र लुकाएको छ
सरकारले ‘मृत्यु‘
डलरझैं बिलकुल डलरझैं
यद्यपि तिम्रो शुभकामना लिएको छु
कोनिया, म गायब हुन सक्छु ।

गुडवाई कोनिया,
फेरि भेटौला ।

फेरिन थालेका छन् मेरा शब्दहरु
निःशब्द उभिएका
क्रूद्ध जेलका अमानवीय ढोकाहरुमा
गएर बज्रनेछ
शब्दहरुको आवाज
ज्वरमग्न छु म
अग्निशमन गर्न असमर्थ
न्यू ओतानीको पच्चीसौ तलाको
एउटा कोठामा ।

गुडबाई कोनिया,
फेरि भेटौला ।

उदाङ्ग परेका रहस्यहरुमाझ
भित्तामा नारा कोर्दैछ एउटा युवक
परम्पराले हिर्काएर
छियाछिया भइसकेको उसको अनुहारमा
तिम्रो पनि अनुहार छ
डलरले हिर्काउँदा–हिर्काउँदै कुरुप पारेको
पपुआ न्यूगिनी झैं
के भन्न सकिन्छ र
फेरि भेट हुनुअघि ?

गुडवाई कोनिया,
फेरि भेटौँला ।

खोज्दैछु अर्थहरु
कि देश भनेको के हो ?
के हो प्रजातन्त्र ?
पुलिसले चुट्तै लगेकी एक युवतीको
चिच्याहटमा लुकेको
कुनै कविताको शीर्षक के हो ?
अर्थविहीन शब्दहरुविरुद्ध चालू छ युद्ध
चालू छ निरन्तर एक धर्मयुद्ध
म कहाँ छु कुन्नि, भयानक अग्निमा छु
जहाँ छु म भाउन्नमा छु
कोनिया,
चलाख छ प्रजातन्त्रको बन्दुक
हाम्रो भेट हुनुअघि
म निदाउन सक्छु ।

गुडवाई कोनिया,
संसारको कुनै पनि छेउमा
भरसक फेरि भेटौँला ।

## दुष्टगाथा

ध्यानमुद्रामा
जसले देख्न सक्छ
बलात्कारको सपना
र मन्दिरको देवतासामु उभिएर

जसले वर माग्न सक्छ
आफ्नो दीर्घायुको
जसलाई थाहा छ–कतै छैन ईश्वर
तर जसले किरिया खान्छ
ईश्वरका नाममा सयौं पटक
जसको महलको जगमा छन्
करौडौ मानिसका
कङ्क्रिट भइसकेका खप्परहरु
र जसले उभ्यायो बङ्गला
अरुका ससाना घरका भित्ताहरुबाट
झिकेर ईटहरु
सुन्नोस् दुष्टगाथा ।

यो सुन्दर पृथ्वी
र यसका जङ्गलका हरिया फाँटहरु
अग्ला–अग्ला हिउँका पहाड,
जोडले बन्ने नदीहरु
र खेतका पहेंलपुर फाँटहरु,
सबैको सौन्दर्य निचोरेर
जसले पिउन सक्छ
गर्मी याममा चिसो सर्बत
जसले जाडो छल्न सक्छ
ओढेर ज्याना कम्बलहरु
जसले सुटुक्क चोर्न सक्छ
अरुका आँखाका नानीहरु
र जसले गाउन सक्छ सन्ध्याकालमा भजन
जसले आफ्ना तीखा नङले झिकेर फाल्छ
आफ्नो पुरानो काँचुली
तपाईहरु पनि सुन्नोस्
दुष्टगाथा !

जहाँतहीं
गाउँ–सहर, जताततै
फैलिन्छ दुष्टगाथा हरेक प्रहर
मानिसको शरीरमा पढ्न सकिन्छ–दुष्टगाथा
वायुतरङ्गबाट सुन्न सकिन्छ–दुष्टगाथा ।

रेडियोलाई थाहा छ
यो कुन दुष्टको मौसम हो

क्यासेटमा सुरक्षित हजारौं दुष्टहरु
अर्को नयाँ दुष्टको प्रतिक्षामा छन्–दराजमा
र अर्को दुष्ट नयाँ काँचुलीमा प्रकट हुन्छ
अखबारको सम्पादक
अफिसको हाकिम
र अरु–अरु
लिपिबद्ध गर्दै छन् दुष्टगाथा
कृपया सुन्नोस्–दुष्टगाथा ।

यो बन्द गर्न
अघि बढेको जुलुस
तितरबितर भइसक्यो
र चालू छ, सुन्नोस्–दुष्टगाथा ।

## माग

मैले सारिसकें आफूलाई तिमीमा
मेरो प्रिय छोरा
अब म जन्मिसकें तिमी भएर
फेरि पलाइसके केशहरु मेरा
फेरि तिखारिएको छ आवाज मेरो
म फेरि खोज्न थालेको छु
मलाई खेल्न चाहिने
पर्याप्त मैदान ।

पुनर्जन्मको खोजमा डुल्दाडुल्दै
भेटिएकी थिइन् तिम्री आमा
उस्तै त हुन्छन् हरेक आमाहरु
मेरी आमा कलावतीजस्तै
तिम्री आमा शारदा जस्तै
स्नेह, करुणा र ममताले परिपूर्ण
तर तिम्री आमाजस्तै किताबहरु
जब तिमी खोज्छौ
र भेटिन्नन् कतै पनि
त्यस बेला
म फेरि खोज्न थाल्छु
तिम्रो लागि किताबहरु ।

ओह । म चञ्चल हुन फेरि उदाइसकें
उफ्रिन, कुदन र जुलुसमा नारा लगाउन
र केही वर्षपछि
म फेरि प्रेम गर्नेछु
कुनै प्रेमवती किशोरीसँग
त्यति बेला तिमी सार्नेछौ आफूलाई
आफ्नो नवजात शिशुसँग
र म अर्को पटक
समाहित भइसक्नेछु उसमा ।

तर अझैं
जब म हेर्छु तिमीलाई
दगुर्न नपुग्ने यस साँघुरो कोठामा
घरी यता, घरी उता गरिरहँदा
चुरचुर भएर खस्छ
मेरो अमरताको अभिमान,
तसर्थ म माग गर्दछु
यस महान् प्रजातन्त्रमा
आफ्ना निम्ति पर्याप्त मैदान ।

## जाडो

एक्लै छु म
र दिल्लीको सडकमा गर्मी पर्दैन
म बसेको
पाँचतारे होटेलको
दुई सय चौध नम्बरको कोठामा ।

झुग्गीका मानिसहरुको
जाँड खाने भट्टी होईन
एक्लो छु
एक्लै
टेलिभिजनको पर्दा
टेबुल–लाईट
पङ्खा, एअरकुलर
रक्सीका बोलत
हट डग र ह्याम्बर्गर
सबैसँग आनन्द गर्न सक्छु,

लबी म्यानेजर सुन्दरीका आँखामा
अल्झन सक्छु
खै मेरा ओछ्यानका उपियाँहरु ?
खै मेरो गर्मी ?
खै मेरो जाडो ?
र खैं उदास आँखा लगाएर
हिजोदेखि भोकै बसेको मेरो भाइ ?
खै मेरा प्रिय मित्रहरु
जससँग हल्लँदा पनि
अनुभव हुन्छ –म बाँचेको छु ।

बाँचेको छु
तिनै हल्ला र काठमाडौका गल्लीहरुमा
बसेको छु एक्लैं तपस्यारत बुद्धझैं
समाधि कसेर दिल्लीको पाँचतारे होटेलमा
र सोच्दैछु
किस्ने छेत्रीले किन माग्यो
मेरो भिजिटिङ कार्ड ?
बाथ टवमा नुहाउँछु
र मलाई सम्झना हुन्छ भक्केमुलाको
लिफ्बाट घरी उक्लेको छु
घरी ओर्लेको छु
र मलाई सम्झना हुन्छ
मेरो घरको लिस्नुको
जसबाट कति पटक पछारिएको छु भुइँमा
बोलेको छु अङ्गेजीमा सिगार च्यापेका ओठले
मलाई कलकत्ते तमाखु राखेर
माइली मैयाँले दिएको
बुट्टेदार सुल्पाको सम्झना हुन्छ ।

बाहिर मानिसहरु मर्दै छन्
तातो हावाको लहरले
र भित्र जाडो छ ।

## उ कुनै नाम छान्दैन

बुस, गोर्भाचोभ, तेङ वा राजीव गान्धी
अहँ, ऊ कुनै नाम छान्दैन

कुनै पनि नाम
सद्दाम होस्
चाहे कुवेतका अमीरको नाम होस्
या अली खमेनीको
मैले थुप्रै नाम दिएँ
तर उ नाम छान्दैन
उ कसैलाई महान् मान्दैन

सस्यूँको बोटमाथि टप्केको
एक थोपा शीतको ऐनामा
हिजो उसले हेऱ्यो आफ्नो सफा अनुहार
र आज साँझ पियो
दुई गिलास रक्सी
मैले उसलाई भनें–बुस, गोर्भाचोभ
अहँ, ऊ कुनै नाम छान्दैन

बस्
एउटा नाम उसलाई मन पर्छ –
कोक कारखानाबाट निकालिएको
कुनै हरुवा मजदुरको नाम
जितबहादुर
जो ऊ आफैं हो
मैले उसलाई भनें–
बुस, गोर्भाचोभ
तर ऊ नाम छान्दैन

## वरिपरि

देशै बेचेर आफ्नो छोरालाई घडेरी किन्नेहरु छन् वरिपरि
अर्काको काँधमा चढेर सगरमाथा आरोहण गर्नेहरु छन् वरिपरि
जोताएर तमाम मानिसहरुलाई किसान बन्नेहरु छन् वरिपरि
भोक्दै छु एकनाससँग
मलाई लुछ्दै गइरहेका किर्ना, जुम्रा र बिच्छीहरु झैं
केही बाबुहरु छन् वरिपरि ।

हावामा झुलिरहेछन् प्लाष्टिकका रङ्गीन फूलहरु
र जबरजस्ती चुँडिएर
पूजाकोठाको मूर्तिमा चढाइएका छन् सृष्टिका सुन्दर शिशुहरु

परन्तु निःशब्द मानिसहरुको लाटो भीड छ वरिपरि
निहत्था आमाहरुको जमात छ वरिपरि
र ग्रह घुमिरहेका उपग्रहहरु छन् वरिपरि
केही बाबुहरु छन् वरिपरि ।

यो कहाँ हो ?
कहाँ छु म ?
र कहाँ छ यहाँको मानवबस्ती ?
कतिहजार कोष टाढा फैलिएको छ यो अँध्यारो जङ्गल ?
को सँग सोधूँ, कहिले पुगिन्छ मानिसहरुको बस्तीमा ?
यहाँ त केही ताजमहलहरु छन्
जो बनाउँदा काटिए हातहरु कर्मीका
केवल ठुटा हात भएका कलाकारहरु छन् वरिपरि
इतिहास बन्दै गएका केही मानवकृतिहरु छन् वरिपरि
अकुत सम्पत्तिको समुद्रमा पौडिरहेका केही बाबुहरु छन् वरिपरि ।

छद्म समाजसेवीहरु छन् वरिपरि
मृत्यु–घण्टाको रालो अँठयाएर
जबरजस्ती बाँचिरहेका सिकारी चितुवाहरु छन् वरिपरि
सधैं घातक खेलमा व्यस्त
व्यूह रचना गरिरहेका केही दुष्टहरु छन् वरिपरि
आगो चोरेको आरोपमा मानिसलाई सजाय दिन सधैं उत्सुक
सिकारी द्यौताहरु छन् वरिपरि
केही बाबुहरु र उनका
प्रिय नातेदारहरु छन् वरिपरि ।

## इस्लामाबाद

चारैतिरको आवाज हराउँछ
यहाँ आइपुगेर ।

यातनाले कराइरहेको छ देश
र पुरै निलिएको छ मानिस
मस्जिदको मौन प्रार्थनाकक्षमा
अल फजल मस्जिदको भव्यता
भोको मानिसको दुब्लो शरीरमाथि
बजारिएको छ
ओहो ! यहाँ मौसम भन्ने कुरै छैन

केवल तानाशाहले ओढाइदिएको छ
आफ्नो अनुहार
अरुको अनुहारमा
र सबैको अनुहारमा लागेको छ पर्दा !

यात्रा शून्य
सडकमा यात्रा गर्छ
एउटा भयावह शून्य ।
फजल मस्जिदको छेवैमा
पहेरझैं वास बसेको छ एक तानाशाहको चिहान
जहिले पनि सहरभित्र पस्न सक्छ
मरी पहाडको चितुवा
यो एक गजबको जङ्गल हो अरुणा !
पाइतालामा किला ठोकिएका
मानिसहरुको आवाजको जङ्गल !
जहाँ गायब भएको छ हाँसो
मानिसहरुको अनुहारबाट

र मौलबीहरुको जडान गरेका छन्
हाँसो आफ्ना ओठहरुमा !

के भन्छ कुन्नि डाक्टर मेहदी
आफ्ना भुताहा सहरको
यात्राको कुरा गर्दा !

मानिसहरु नबोल्दा–नबोल्दै
गन्हाएको सास बोकेर
सडक सडक डुल्ने हावाको राजधानी
रक्सीका भूमिगत नदीहरु बग्ने
तर
खुला बजारमा बियर नपाइने
अनौठो राजधानी
विश्वविद्यालयहरु भएको तर
पढ्न नपाइने राजधानी
केही कुरा छ जसले थिचेको छ मानिसलाई
केही कुरा छ जसले अझै जितेको छ मानिसलाई
केही कुरा छ जसले अझै कोर्रा बर्साएको छ मानिसलाई ।

कुन्नि के भन्छ खालिदा

उसका भुताहा नगरको
उत्खनन गर्दा !

हेर्न जाओ साथी हो !
मानिसहरुका हाडहरुको पवर्त शृङ्खला
र रगतको विशाल सिन्धु नदी
आँसुको सागर
र थेग्रिएका आवाजहरुको रावल ताल
उदास इन्द्रिनी भाँचिएको हेर्न
इस्लामावाद जाओ !

तैपनि क्रुद्ध शब्दहरुसँग
खेलिरहेको भेटिने कुनै अहमद फराज
र पिर बख्स कलवार
जाओ इस्लामावाद !

## भूपि शेरचन

### एउटा बम हानिएको छ तिमीमाथि

सम्पूर्ण मान्यता बाजी थाप्न लगाएर
विजेता भएका छन्
तिम्रा कथित इष्टदेवहरु
विचारलाई यसरी हानियो बम
कि ए उड्यो तिम्रो टाउकाबाट
संवेदनालाई यसरी हानियो बाम
कि ऊ छुट्यो तिम्रो शरीरबाट
यसरी बम हानियो तिम्रो स्वरमाथि
कि ऊ भाग्यो तिम्रो कण्ठबाट
थाहै नहुने गरी
औंला, कलम र कागजमाथि
हानियो बम
र ती अलग भए एकअर्काबाट ।
एउटा बम हानिएको छ सृष्टिमाथि
आज
मौन कोठामा बसिरहेछ
मैन टेलिफोन
र सिरानीसँग बसिरहेछ

तिम्रो अन्तिम मित्र–अक्सिजन सिलिन्डर
कामूको पात्रझैं
यातना ग्रहण गरिरहेको
अस्ताचलको प्यारो सूर्य !
जति बमहरु परे पनि
कहाँ मर्छन् ती
कविताका किताबहरु ?
यद्यपि असाध्य रोग हानिएको छ
यस देशको प्रिय कविमाथि !
एउटा बम हानिएको छ
भालेको सिउरमाथि
एउटा बम हानिएको छ
चेतनामाथि !

## लुतो

बस्, एउटै कुरामा छ आनन्द
कन्याइरहनुमा
कविता, कथा र चित्र लेखने औंलाहरुले
फगत आङ कन्याइरहनुमा
विद्रोहमा उचालिने हातहरुले
आफ्नै शरीरका कापहरुमा
चलाइरहनुमा ।
लुतो लागृपछि
हराउँछ सोच र दृष्टि
ाफ्नै अगाडि भएको व्यभिचार
व्यभिचार हुँदैन
ऋाफैंमाथिको अत्याचार
अत्याचार हुँदैन
मानिस व्यस्त हुन्छ बिर्सेर यावत् कुरा
विचार, स्मृति, बहस
र वरिपरिको दुनियाँको मुरा
बस, एउटै हुन्छ आननदको स्रोत
आफ्नै जीउ कन्याइरहनुमा ।
लुतो लागेपछि केवल लुतो लाग्छ
आमा–बाबु र छरछिमेकको माया लाग्दैन
जब लाग्छ लुतो कसैलाई
बाँदरलाई घाउ लागेजस्तो

ऊ बिर्सन्छ बाल्यकालका स्मृतिहरु
ऋाफ्ना छानामाथि लाग्ने घामको ताप
वा आफ्नी आमाको चौबन्दीमा
मगमगाउने दूधको सुगन्ध
सबै बिर्सन्छ लुतोग्रस्त मानिस
र एउटै कुरामा व्यस्त हुन्छ
आङ कन्याइरहनुमा ।
लुतो एक विचार रहेछ
मानिसलाई विचारशून्य बनाउने
आद्यबिम्बसहितको उत्तर–आधुनिक विचार
रोग र औषधी दुवै बेच्ने
नाफाखोर बजारजस्तो लुतो
जहाँ रहँदैन मानिस मानिसझैं
बस्, कन्याइरहन्छ आफ्नो आङ
तृप्त, आनन्दविभोर र बिलकुल एक्लो
मजा लिइरहन्छ
आफ्नो आङ कन्याइरहनुमा ।
प्रश्न
कागजको सेतो शरीरभरि
नाङगाी वेश्याको तस्विर बनाउन सकिनछ
र मार्क्स पनि,
कागजमा युद्धको घोषणा गर्न सकिन्छ
र कोर्त सकिन्छ
यातना–शिविरको नक्सा पनि,
कागजमा प्रशस्ति लेख्न सकिन्छ
र कविता पनि
जेसुकै गर–
कागजमा
तानाशाहको चेतावनी छाप्न सकिन्छ
र चुनावको मतपत्र पनि ।
कागजको सेतो शरीरभरि
प्रेमपत्र लेखेर मन बहलाउन सकिन्छ
र कोर्न सकिन्छ देशको नक्सा पनि,
कागजमा
एउटा गम्भीर बहस गर्न सकिन्छ
र लेख्न सकिन्छ पागल प्रलाप पनि,
यस चुनावमा मत दिने
तिम्रो पालो
जे गर–

किनकि कागजमा
घृणित सम्झौताको मस्यौदा गर्न सकिन्छ
र युद्धको घोषणा पनि ।
साथीहरू
रातको भयाभह अध्यारोमा हिँडयो हामी सँगसँग
गर्मी यामको चर्को घाममा हिँडयौ हामी सँगसँगै
हिउँदको भयानक चिसो हिउँमा टेकेर नाङ्गा पाइतालाहरु
साथीहरु हो, हामीले यात्रा गऱ्यौं सँगसँगैं ।
इतिहासको क्रुर यथार्थका बाङ्गाटिङ्गा बाटाहरु नाघेर
यौटा बेलुन उडाएर आर्दशको
उचाइको उचाइलाई हरायौं हामीले
सहरको डरलाग्दो दुर्गन्धमा नाक नथुनेर
गल्ली–गल्लीमा मानिसको सुगन्ध खोज  गऱ्यौं हामीले
साथीहरु हो, हामी रायौं सँगसँगै
हामी हाँस्यौ सँगसँगै ।
सँगसँगै हममी हिँड्दा परास्त भयो भाृक
सँगसँगै शब्दहरु खर्च गऱ्यौं हामीले
र हरायौं आफन्तहरुको मृत्युशोक
नशाहरु उनेर नशामा
एउटाको नशा उनेर अर्काको नशामा
हामी लडयौं रात–रातभर । दिन–दिनभर
नरभक्षीका नशाहरुसित
गहिराइको गहिराइलाई हरायौं हामीले
साथीहरु हो, युग बोक्यौ हामीले

र युगका खलनायकको मुकुट झिकेर
युगलाई कायल पाऱ्यौं
हामीले सँगसँगै ।

## दिलमाया

मेरो सपना खोसेर राखिएको छ
थिम्पूको अँध्यारो जेलमा
सर, म त्यसै फर्कनेछैनँ भुटान ।
म सम्झन्छु आफू रोएको बाल्यकाल
तर जति म रोएँ
मेरो सात क्लासको किताब
च्यातिएको दिन रोएँ

त्यही दिन म जति रोएँ रोइसकें
जुन दिा पसे पिाहीहरु हाम्रो घरमा
र उफ्रन थाले
मेरी आमाको शरीरमाथि
मसँग अब छैन रुनलाई आँसुको मुहान
सर, अब रुन आउँदैन
म बेस्सरी राइसकें ।
म हाँस्थें पनि कहिलेकाहीं
जब चुट्किला सुनाउँथे हाम्रा बाबा
एक दिन। कुनै एक दिन
मुसा फुत्केर भाग्यो बिरालोको पन्जाबाट
र दुलाको मुखैनेर रुँगेर बस्यो बिरालो !
म बेस्सरी हाँसेकी थिएँ ।
हँसाउन सिपालु थिए देवीलाल सर
त ती बाबा छन् न चुट्किला
न बिरालो छ न देवीलाला सर
हाँस्नुजति हाँसिसके म
अब हास्न आउदैन मलाई
सर मैले त हाँसो त साम्चीमै छाडिसकें
सर, यौटा केटो थियो उहीँ
लुकी–लुकी हेर्थ्यो मतिर
नहेरुँ भन्दाभन्दै आनायास
आँखा गइहाल्थे उसतिर
यसैलाई भनिन्छ भने प्रेम
प्रेम पनि छैन मसित
त्यसलाई पनि मारिसके शासकहरुले ।
कन्काईको बगरमा छु म
र सब थोक छाडेर आएकी छु यो ज्यानबाहेक
फेरि किन सोध्नुहुन्छ भुटान जनो–नजाने कुरा ?
मैले मेरो सपना फर्काउनु छ
मैले मेरो आँसु फर्काउनु छ
मैले मेरो हाँसो फर्काउनु छ
मैले मेरो प्रेम फर्काउनु छ
मैले मेरो किताब फर्काउनु छ
थुनेर राखिएको मेरो सर्वस्व फर्काउनु छ
सर, म त्यसै फर्किने छैन भुटान ।

## दु:स्वप्न

खोलाहरुमा बग्नै छोडयो कन्चन पानी
रगतको बेगवान् नदीमाथि हल्लिदै छ
झोलुङ्गे पुल
भन्छन् योद्धाअरुले डामेका ढाडहरु
अब के–के हुने हो ।
कोचिएको छ खचाखच दिमागमा
बदलाको भूत
बाटाहरु यति धेरै छन् यस ठाउँमा
कुन बाटामा कोही किन जाने हो
भन्छन् स्कूलका मास्टरहरु
स्कूल नगएको पनि धेरै भयो
अब के–के हुने हो ।
जहाँ गए पनि हुन्थ्यो
जति बेला पुगे पनि हुन्थ्यो
कसले जाँच्थ्यो रपिठयूको झोला
र सोलीमा राखिएको कोसेली
अहो, अचेल आउदँन
कोही आफन्त
उराठलाग्दो फलैचामा बसेर
सोचिरहन्छन्
बूढाहरु धुवाँको सर्को
तान्दै
अब के–के हुने हो ।
हामी त खेल्थ्यौ जे भेटयो त्यही
हामी त जान्थ्यौं जहाँ मन पर्थ्यो उहीं
अचेल पड्किन्छन् भाँडाहरु
हाम्रा प्यारा खेलौनाहरु
अहो, छुनै हुँदैन केही पनि
नजाऊ नानी कतै पनि
भन्छन् हाम्रा आमाहरु
खेल्ने जमाना गयो
अब के–के हुने हो ।

धेरै भयो हुलाकी छैन
तीन-तीन महिनामा आउने चिठी
धेरै भयो आएको छैन
रेडियोले गन्ती गर्छ

जङ्गलको लासहरू
हरे ! मेरो लाहुरेलाई के भयो
भन्छन् लाहुरेनी युवतीहरू
अब के-के हुने हो !
कहिल्यै केही नखाए पनि
गर्मी भए पनि, जाडाले सताए पनि
हाँसिरहेको हुन्थ्यो बुद्धको मूर्ति
धेरै भयो चुपचाप रुन थाल्यो
भन्छन् क्युरियो पसलका मालिकहरू
अहो ! यस देशमा के हुन थाल्यो ?
यो मूर्ति अझै कति रूने हो
अब के-के हुने हो !

टेलिभिजनको पर्दामा
साह्रै गम्भीर देखिए गृहमन्त्री
र उदास देखियो
उत्तरी श्वेतमाला
पहाडबाट मुस्काउन छाडेर
बमसगैं तुलमा टाँगियो घाम
कहिल्यै नरिसाउने माइलो
रिसायो बेसरी
अब के-के हुने हो !

## देश र ब्युटी पार्लरकी सुन्दरी

अब कहाँ जाने ?
केश बनाइसकिएको छ
र दलिसकिएको छ अनुहारमा क्रिम
कपडामा छरिएको छ सेन्ट
र ऐनामा सयौं पल्ट जुधेका छन्
आफ्नै आँखाहरू
शृङ्गार सकिएको छ
सुन्दरी, अब कहाँ जाने ?

सडकमा
सलबलाइरहेछन् युवाहरू
सिकारको खोजमा
तिम्रो शरीरको आरोपित सुगन्धको
विषालु उन्माद

छरिनेछ हावामा
र पुग्नेछ उनीहरूको नाकसम्म
शृङ्गार सकिएको छ
सुन्दरी, अब कहाँ जाने ?

जताततै फोहोर छ
भोकै छन् मानिसहरू
र तिम्रा बहिनीहरू सस्तोमा बेच्छन्
आफ्नो जवानी
मानिसहरू पछारिएका छन्
सडकमा
र झन्डा उठ्दै छ सहिदको
निर्जीव हातबाट
जताततै फोहोर छ
तिमी जति छर्क
आयातित पर्फ्युम अनुहारमा
जतिसुकै छर्क
झन्- झन् कुरूप हुँदै गइरहेको देख्दै छु म
भित्रभित्र धमिराले खाएको
काठको सुन्दर मूर्तिझैँ तिमी र यो देश
दुवै छन् यहाँ
तिम्रो शृङ्गार सकिएको छ
सुन्दरी, अब कहाँ जाने ?

## दशनीको लेहङ्गा

तातो हावाको झाँकाले
फरफराउँछ
पराजित मुलुकको झन्डाजस्तो
दसनीको लेहङ्गा ।

धेरै चोट सहिसक्यो
धेरै रगत बगाइसक्यो
धेरै बलात्कार खपिसक्यो
जमिन्दारको बाँझो खेतमा
धेरै कुलो लगाइसक्यो
घामपानीको मारले
जति मधुरो देखिए पनि

अझै रङ्गीन छ
हजारौँ फूल फुल्ने उद्यानजस्तो
दसनीको लेहङ्गा ।

दाउरा लिन गएको
जङ्गलबाट फर्केन
कसैलाई थाहा छ कि
कहाँ फरफराइरहेछ बुट्टेदार
दसनीको लेहङ्गा ।

## स्वयम् कन्तुर विद्वान् काशीनाथ

पढ्छ अहोरात्र पलेँटी कसेर पुरानो लिउमाथि
र खोतल्छ टिपोटहरू
घोरिएर पढ्छ भोजपत्र, ताम्रपत्र र शिलापत्रका उतार
वा स्वस्थानी व्रतकथाको माइक्रो फिल्म
केही टिप्छ, केही न केही टिप्नैपर्ने भएकाले
कृषि शाखाले दिएको दस वर्ष बुढो डायरीमा
जान्छ तिलौराकोट, लुम्बिनी
या त झाचल्लको भाषा पढ्न दुल्लू कि त सिजातिर
फर्कन्छ काठमाडौँ थोत्रो बसमा
मानिसहरू कोचाकोच गरिएको भिडियो कोचमा
सोच्छ पुरातत्व विभागको वाचनालय-
‘यी मानिसहरूझैँ कोचिएका छन् बिचरा
पुराना दामी पाण्डुलिपिहरू दराजको धुलाम्मे कुनामा’
सोच्दै थियो, झन्डै मरेको दुर्घटनामा
बाँच्छ र सोच्छ गरुडपुराणको छालाको गाता
सोच्छ आफ्नी पत्नीझैँ लाग्छ मैथुनरत
मन्दिर-टुँडालका मल्लकालीन अप्सराहरू
काष्ठकला/प्रस्तरकला र अर्को कुनै कला
हराएका अक्षर/खिइएका अङ्कहरू जोडजाड गर्छ
यो पावरलाल चस्मा पाटन पुग्छ मानिस भेटिँदैन
भक्तपुर पुग्छ र देख्छ काष्ठकला ज्यापू दाइको खर्पन देख्दैन
हेर्दैन जिउँदा मानिसहरूप्रति किमार्थ हेर्दैन
मध्यरात सपनामा भ्रमण गर्छ अजन्ता र एलोराका गुफा
बिहान हेर्छ ताजा अखबार र पढ्छ- सूर्यबहादुर प्रधानमन्त्री
संस्कृति स्तम्भमा हेरेको चस्मा गाडेर- देखियो फेरी पहिलेकै कुरा
‘चौबीस - पच्चीस सालको परेछ’ भनेर थन्क्याउँछ अखबार

पुराना अखबारको कन्तुरमा
स्वयम् यौटा विदीर्ण कन्तुर विद्वान काशीनाथ।

## भैरहवामा हिउँ

चिनी-पानी खुवाएर
गाउँको हालखबर सुनायो
बसिर मुसलमानले।

रोहिणी खोलाले घेरेको छ गाउँ
र भयभीत छ वर्षा-आतङ्कबाट
गाडाको बगरको गिटी टिपेर लादिरहेका
काली कन्याहरूका आँखामा
देख्न सकिन्छ अनौठो तेज
मध्याह्नको धुपले डामेको छाला
र बसिरको राजनीतिमा
केही पाइनेछैन अन्तर
तर उसले गर्धन आफ्नै थापेर
बचाएको थियो कुनै नेता
(जो प्रधानमन्त्री छ आज)
कुरा सुरु गर्छ बसिर यस्तै कुराबाट।

चिनी-पानीको घुट्कासँगै
सुरजपुराको कथा पनि मिसायो
बसिर मुसलमानले।

के सोच्छन् गिटी टिपिरहेका
यी काली कन्याहरू
नदीको कटान
उर्लंदो भेल
र आफ्नो चढ्दै गरेको जवानीबारे ?
के सोच्छन्
यी काली कन्याहरू
गोरुलाई सारेर आफ्नो बोझ
आफूलाई हलुङ्गो हुने वा नहुनेबारे ?
बसिरको इतिहास-नायक
र रोहिणीमा मिसिएर आउने खोलाहरूबारे ?
के सोच्छन् उत्तरको सेतो पहाड

पग्ले-नपग्लेको बारे ?
के सोच्छन् कुन्नि
आफ्नै घरमा  लगाउनुपर्ने आगोको बिउबारे
अब चाँडै सँगै सुत्नुपर्ने जङ्गली बाघहरूबारे
म सोच्छु बसिरलाई
के सोच्छन् यी कन्याहरू
आफूजस्तै अरू कन्याहरूबारे ?

“केही सोच्दैनन् यिनीहरू
हो, सोच्नै सक्दैनन्”
भन्यो
र चिम्लिदियो आँखा
बसिर मुसलमानले ।

## रातको हुम्ला

रातको हुम्ला बास बस्छ
महिनौँदेखि नधोइएको काम्लोभित्र पसेर
आफ्नै सासको तीखो दुर्गन्ध
भालुको पित्तभन्दा तीतो
र त्यसभन्दा तीतो
अजङ्गका पहाडहरूले सगरतिर हेर्नु
भोका अजिङ्गरझैँ लठारिएर
यताबाट चुवा र
उताबाट कर्णालीले
कतैबाट फुत्कन नपाउने गरी
मानिसहरूलाई घेर्नु
हुम्लाको हरेक रात
विषको अन्तिम थोपा पिइरहेको सुकरात ।

प्लेनबाट सिमकोट ओर्लेको
सरकारी जातको भेडालाई
रुघा लाग्छ एकछिनमै
एयरपोर्टको डिलबाट
सानले हेर्छ उ अरू रैथाने भेडाहरूतिर
सी. डी. ओ. अफिसको कौसीमा
जाडोले कामिरहेको राष्ट्रिय ध्वज
कक्रेर निदाउँछ रातभरि

हरेक कर्मचारी जब हुम्ला आइपुग्छन्
आफुलाई सम्झन्छन् कोलम्बस !
उनीहरू खान्छन् प्लेनबाट आइपुगेको रासन
र हुम्लीलाइ खुवाउँछन्
प्लेनबाटै ल्याएको सुशासनको भाषण !
कुनै पनि हुम्लीलाई
जति धेरै बाँच्यो
उति धेरै कष्ट
हुम्लाको हरेक रात
विषको अन्तिम थोपा निलिरहेको सुकरात ।

यस चिसो स्वर्गमा हेर
अति सुन्दर छ
धनसराको घाँघरको लय
कि भयानक अँध्यारोमा पनि
आफ्नै सुर र तालमा लम्किरहन्छ निर्भय
जीवन अनेकौँ निर्णयको जाल हो भने
त्यसको पनि जन्जाल हो
उसले घाँटीमा झुन्डयाएको कम्पनी माला
हुम्ला आफूले पिएर विषको घैँटो
वा पिउन नपाएर त्यही विष पनि
बक्खुबाट निकालेर दरबार पठाउँछ मृतसञ्जीवनी
हुम्लाको हरेक रात
अन्तिम सासको निष्कासन पर्खिरहेको
अभियुक्त सुकरात ।

केटाकेटीका नाकबाट बगिरहेका
हिमनदीहरूले छेकेको बाटामा उभिएर हेर तिमी
यो बाँकी नेपालसँग नजोडिएको नेपाल हो
नेपाल हो भने
माकुराको धागोले नेपालसँग जोडेको अर्कै नेपाल हो
तैपनि बुझ्दोरहेछ यसले छक्कबहादुरको अङ्ग्रेजी
र हाँसेरै उत्तर दिँदोरहेछ
जीवनले सोधेका प्रश्नहरूको
हुम्लाको रात जब पाखीसँगै तात्तिन थाल्छ
तब यो चिसो सिरेटो पनि आत्तिन थाल्छ
हुम्लाको हरेक रात
आगतका लागि वर्तमान मारिरहेको सुकरात ।

## काली घर्तिनीको देहावसानमा

कतै कोही पनि शोकाप्त छैन
काली घर्तिनीको देहावसानमा ।

अखबारहरूमा कहिल्यै नपढिएको अनुहार
राजभक्तिगानलाई महिमामण्डित बनाउन
जनताको उर्लंदो भेल देखाउने
टेलिभिजनको पर्दामा
कहिल्यै नहेरिएको अनुहार
राजधानीमा तीन आना जग्गा खोज्न
भौंतारिएको जुलुसमा
प्रख्यात जग्गा-दलालहरूले पनि
सनाखत गर्नै नसक्ने अनुहार
तिमीले वा यस देशका महान् शासकहरूले
चिनेको दाबी गर्ने
तर चिन्दै नचिनेको अनुहार
काली घर्तिनीको अनुहार ।

कसैलाई केही फरक परेको छैन
त्यो अनुहार अस्ताएमा ।
काली घर्तिनीको अनुहार
कुनै पनि सांसदसँग मिल्ने अनुहार
मीना, लीला, शैलजा
माधव, रामचन्द्र, गिरिजा
सबैसँग दुरुस्त मिल्ने अनुहार

तर तन्किएपछि सांसदका गाला
मिल्नै छाड्यो अनुहार उसको
सांसदवर्गको अनुहारसित
संसद्मा अनुपस्थित
संविधानका कुनै पनि धाराले नछोइएको
विशिष्ट अनुहार
नेपालका नदीनालाभैँ
कहिले फाट्दै र कहिले जोडिँदै
ईश्वर, भगवान्, मस्टो आदि देवगण
कोही थिएनन् उसको महाप्रयाणमा ।

काली घर्तिनीको तीखो आवाजका तरङ्गहरू

अझै सुन्दछु म
र उसको चाउरी परेको अनुहार
सम्झन्छु म घरीघरी
जे-जे गरी उसले जिन्दगीमा
ठीक गरेर मरी
हाम्रो जस्तो चपाउँदै जिब्रो
बाँचिन ऊ
मन लागेका कुरा मजाले गरी
एउटा भयावह सत्य प्रकट भयो फेरि
काली घर्तिनी हिजो मरी
कसैको केही नबिगारेर मरी
कवि हो, आँसु अझै बाँकी छ तिम्रा आँखामा ?
गाउँलाई रित्तो- रित्तो छाडेर
अचानक हिजो लोप भयो
काली घर्तिनीको अनुहार ।

## अन्तिम युद्ध

चमेराहरू झुन्डिइराखुन् रूखका हाँगाहरूमा
आकाशलाई पाताल र पाताललाई आकाश बनाइरहुन्
ढोईलाई लगाएर अघि-अघि
अभयारण्यमा लम्किरहोस् मत्त हात्ती
बघिनीहरू घुमफिर गरून् आफ्नो प्रिय जङ्गलमा
र स्नेह गरून् आ-आफ्ना डमरुलाई
हिउँदको चिसोमा
माटाको न्यानो गर्भमा
गुप्त बास बसुन्
या घाम ताप्न निस्कुन् सर्पहरू
स्यालहरू कुदून् बेतोडले
म्याराथुन धावकझैँ
पण्डितहरू मन्दिर जाऊन् या पादरीहरू चर्चतिर
प्रार्थना गरून् वा वर मागुन् आ-आफ्नो ईश्वरसँग
मलाई आपत्ति छैन शासकहरू हो !
यो संसार सबैको हो ।

तर राति झ्यालबाट पसेर चोरझैँ
मेरा जुँगा चाट्न हुन्न चमेराहरूले
मन्त्रीको आदेशमा डाँकाले झैँ

सुकुम्बासी गाउँ नउजाडुन् हात्तीहरूले
खोरका घारहरू फुकालेर
सुत्केरी बाख्राको कल्चौंडो खान हुन्न बघिनीहरूले
सानो दुधे शिशुलाई आँगनमा सुताएर
काममा गएकी छ उसकी आमा
फर्केपछि देख्नु नपरोस्
आफ्नो प्रिय शिशुको छातीमा
सर्पदंशका डोबहरू
कुनै किसानले पालेको कुखुरा
सुटुक्क चोरेर
खोल्सामा लगेर आफ्नो भोक तृप्त गर्न पाइँदैन स्यालहरूले
पण्डितहरू पनि बुझून्–मानिसको बलि दिनु हुन्न
पादरी वा मौलवीहरू पनि बुझून्–
अर्काको आयु ताछेर
आफ्नो आयुमा थप्न पाइन्न
यो संसार सबैको हो ।

संसार सबैको हो भने
मेरो पनि हो संसार
तर मेरो भाग खोसेर कसैले खायो भने
म तयार छु अन्तिम युद्ध गर्न
अन्तिम युद्ध अर्थात निर्णायक युद्ध
जसले फैसला गर्नेछ हारजितको
ए जङ्गल शासक र शिकारी शासकहरू हो !
मेरो सबैभन्दा तीखो हतियार
नैतिकता हो ।

## सम्भ्रान्त

भीडका आँखाहरू सहन सक्दैन
ऊ एक्लो छ ।

ऊ एक्लो छ
र उसलाई कुनै कुरामा विश्वास छैन
उसलाइ विश्वास छैन आफ्नी धर्मपत्नीमाथि
र विश्वास छैन आफ्नो सम्बन्धमाथि
इतिहासले आफ्ना पानाहरूमा
यस्ता तिथिहरू राखेको छ

कि ऊ खस्न सक्छ कुनै पनि बेला
कुनै पनि बेला
उसको अङ्गरक्षकको अनुशासन
भङ्ग हुन सक्छ
र उसको पहिलो शिला
कमजोर हुन सक्छ ।

त्यति नरम ओछ्यान
उसलाई खतरा लाग्छ
कोही चिच्याउँछ कि पलङमुनिबाट ?
उसलाई शङ्का लाग्छ
कुनै पनि बेला
उसका साथीहरू
कृत्रिम चुम्बकमा टाँसिएका आलपिनहरूझैँ
एक
एकपछि अर्को
र अर्कोपछि अर्को हुँदै
झर्दै जान्छन उसबाट
एक्लोपन यसरी दुख्छ

कि उ त्यसलाई दबाउन
क्याप्सुलहरू खान्छ
ऊ एक्लो छ ।

ऊ एक्लो, एक्लो र नितान्त एक्लो छ
यसरी उसलाई
आफ्नो शिरमाथि सुहाउने रत्नजडित टोपीहरूमाथि
त्यति विश्वास छैन
बहुमूल्य पोसाकहरू
र सौखिन पाइलाहरूमा
किञ्चित विश्वास छै,
फगत नसाहरूमा विश्वास छ
जसले छोपेर आफ्नो भयाक्रान्त अनुहार
आफुबाट भगाउँछ
तर ऊ एक्लो छ ।

जसरी झर्दै जान्छन् कुकुर बुढिएपछि
र कुकुरलाई आफुले लुछ्ने गरेको
मासुको टुक्रो असजिलो लाग्छ

त्यस्तै लाग्छन् भीडका आँखाहरू
त्यस्तै लाग्छन्
मानौं ऊ भीड छलिरहेछ
तर लखेटिएको मानस
नसाले छोप्ने कसरत गर्छ
उसलाई आफुले चढ्ने गरेको घोडासँग
असाध्य डर लाग्छ
ऊ एक्लो छ ।

म भीडमा छु
र भीड स्थुल हुँदै गएको छ ।

## नेपाल नाउँको देश

(१९६१–१९८९)

प्वाँखजति झरेर
कुरूप, कमजोर र टिठलाग्दो
कुखुराको चल्लो
नेपाल नाउँको देश ।

प्लास्टिकका दाना छरिन्छन्
यसको भोकअगाडि
र पखाला लाग्छ जोडसँग
बिरामी छ–
कुनै पनि बेला मृत्यु हुन सक्छ
हेर्दै छु– यस देशको नक्सा
दुब्लाउँदै, खुम्चँदै, खिइँदै गएको ।

एकदम फरक छ
धेरै-धेरै फरक छ
पञ्चहरूको देश
र मेरो देशमा ।

तिनीहरू त्यही कुरूप चल्लाको
मासु खाने दाउमा छन्
तिनका बच्चा
देशको नक्सा च्यातेर
डुङ्गा बनाउने दाउमा छन्

तिनीहरू आफ्ना खन्चुवा पत्नीका छातीमा
दूध भर्ने दाउमा छन्
धेरै-धेरै फरक छ
नेपाल र नेपालमा ।

उनन्तीस वर्षसम्म
मृत्युशय्यामा सङ्घर्ष गरिरहेको
हाम्रो कामनाले मात्र
सास फेरिरहेको नेपाल !
मैले लेखेँ भने राम्रो कविता
राष्ट्रिय पञ्चायतले पास गरेको छ
मृत्युदण्डको कानुन !

कति-कति फरक छ
नेपाल र नेपालमा !

## विकास पण्डित

विकास पण्डित
झोलाभरी राखेर
इकोलोजीका जेनेभा प्रिन्ट ग्रन्थहरू
ओभरहेड प्रोजेक्टरबाट देखाउँछ
गरीबीको चक्र
र राजधानीका रियल स्टेटसँग
खरीद गर्छ
छ आना जग्गा

विकास पण्डित
छात्रवृत्तिको खोजमा आउँछ
मेरो गाउँमा ।

विकास पण्डित
इन्कार गर्छ विकासका समस्त धारणा
लैंगिक असमानताविरुद्ध लड्दै

पुग्छ कमला तामाङको भट्टी पसलमा
र साँझपख
स्तनका स्पर्शहरु लिएर

फर्कन्छ डेरामा ।

विकास पण्डित
आपत्कालीन सौर्य बत्तीको
धमिलो प्रकाशमुनि बसेर
लेख लेख्छ अंग्रेजीमा
राजधानीको कुनै कोठामा
राखिएकी छ उसकी
ग्राजुयट स्वास्नी
जसका लागि
विकासे झोला भिरेर
विकास पण्डित पसेको छ
मेरो गाउँमा ।

उसले पठाएको छ मलाई
स्टेशनरी पसलको दलाल कार्यालयमा
र स्कूल गार्मेण्ट्स्को मुन्सीखानामा
कृपावश
म पनि स्वाबलम्बी हुँदैछु
आत्म विकासमा
म बुझ्दछु
उ केही अंक लिएर फर्कनेछ यस गाउँबाट
केही अनौठा स्मृतिहरू लिएर फर्कनेछ
केही चित्रहरू लिएर फर्कनेछ ।

विकास पण्डित
आफ्नो जागीर थाम्न
म्वाईं खान्छ डाइरेक्टरका छोराछोरीलाई
घडेरी खरीद गर्छ दामी ठाउँमा
र लेख लेख्छ गरीबका नाउँमा ।

## लयब्रह्म

आमाले लोरी सुनाउँदैनथे
आफ्ना शिशुलाई
गीत नभएको भए,
नीरस हुन्थ्यो प्रेम
र भुत्ते खुकुरीझैं काम नलाग्ने

हुने थिए शब्दहरू
सङ्गीत नभएको भए
प्रणाम, लयका पिताहरू ।
जीवन हिउँदको नाङ्गो रूखझैँ
हुने थियो
गीत नभएको भए ।

गाउँछन भोको पेट हुनेहरू
खोक्रो सारङ्गीको नसाबाट
धुन निकाल्दै
र गुन्गुनाउँछन् नाङ्गहरू पनि,
फरक छ
कसैले गाउने भजन छ
र कसैले निकाल्ने
पीडाको सुस्केरामा
जति फरक छ
ब्रुनाइ सुल्तानले रुचाउने गीत
र सुकुम्बासी युवतीले
सुनाउने गीतमा
प्रणाम लोकगायकहरू हो !
कसले सुनिरहन सक्थ्यो
रेडियोको सरकारी समाचार
सङ्गीत नभएको भए ?

त्यसो त सुनिन्छन् कति
कीर्तन र अश्लील गीतहरू पनि
दरबारको नृत्यशालामा गाइने गीत
र जुलुसले गाउने क्रान्ति गीत
छन् फरक-फरक
शाही कविले रचेको गीत
र सडकमा यात्रा गरिरहेको
गाइने दाइको गीत
छन् फरक-फरक
म्याडोनाको मादक स्वर
र हरिदेवीको तीजको गीतका अर्थ
छन् फरक-फरक
तैपनि कहाँ सुनिन्थ्यो
राजबन्दीको स्वर जेलबाहिर आइपुगेको
गीत नभएको भए

प्रणाम, लयका ब्रह्महरू !
प्रणाम, लोकस्वरका जननीहरू !
हामीले कहाँ गाउन सक्थ्यौँ
महान् 'इन्टरनेशनल'
साँच्चै, गीत नभएको भए !